आज मिति २०८२ असार ३ गतेका दिन टिकापुर द्धारा फेल्म नेपाल र सी.एम.सी–नेपालको साझेदारीमा सञ्चालित "अप्रावासी कामदार र उनका परिवारका मानसिक स्वास्थ्य र मनोसामाजिक सुस्वास्थ्य प्रवद्र्धन कार्यक्रम" को परियोजना सल्लाहकार समितिको बैठक नगरप्रमुख राम लाल डगौरा थारुको अध्यक्षतामा सम्पन्न भएको छ । सी.एम.सी–नेपालका मनोसामाजिक कार्यकर्ता खम्ब परियारले यस अवधीमा भएका प्रगति, चुनौती, असल अभ्यास र निरन्तरता गर्न सकिने विषयवस्तु बारे प्रस्तुतीकरण गर्नुभएको थियो । स्वास्थ्य शाखा निरिक्षक श्री धर्मसिँह बटालेले सहजीकरण गर्नुभएको सल्लाहकार समितिको बैठकमा सी,एम.सी–नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले मानसिक स्वास्थ्यमा लगानी बढाउन ढिला गर्न नहुनुका साथै यो सेवालाइ निरन्तरता गर्न र स्थानीय पाठ्यक्रममा मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम लगायतका विषयवस्तुलाई समेट्न र स्थानीय तहले कार्यक्रमले परियोजनाको समापन पश्चात गर्न सकिने गतिविधी बारे आफ्नो सुझाव राख्नुभएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत रबिन्द्र प्रसाद चौधरी, वार्ड न.८ का वार्ड अध्यक्ष दिर्घ ठकुल्ला, वार्ड न ५ का वार्ड अध्यक्ष लालबिर थारु, शिक्षा शाखा बिना पौडेल, फेल्म नेपालका कार्यक्रम संयोजक मनोज यादव, स्वाबलम्वन समूहका उपाध्यक्ष निशा कडायत, साथी सहयोगी स्वयंसेवक निर्मला चौधरी, कार्यक्रम अधिकृत अनत चौधरी लगायतको उपस्थीति रहेको थियो । सोही अवसरमा नगरप्रमुख रामलाल डगौरा थारुले हाम्रो पालिकामा मानसिक स्वास्थ्य समस्या र आत्महत्या गर्नेको संख्या भयाभय छ र यसको न्युनिकरण गर्नका लागी पलिकाबाट पारित गरिएको मानसिक स्वास्थ्य तथा मनोसामाजिक निति २०२८१ अनुसार आगामी आ.ब. २०८२\८३ का लागी कार्यक्रमका लागी शाखा बाट हुने काहा बाट बजेट छुट्याउनु पर्ने हो हामी सल्लाहा गरी मानसिक स्वास्थ्य तथा मनोसाजिक सेवाको लागी निरन्तरता दिनेछौ। भन्दै कार्यक्रमको समापन गर्नु भयो।






